# राजेन्द्र भण्डारीका कवितामा अप्रत्यक्ष प्रस्तुति

- **आशिष तामाङ**
नेपाली विभाग, उत्तर बङ्ग विश्वविद्यालय

**सार -** कवितामा भाव तथा विचार विभिन्न प्रकारले प्रस्तुत भएका हुन्छन्। भावहरूको प्रत्यक्ष अनि अप्रत्यक्ष प्रस्तुतिद्वारा नै निश्चित कविको निश्चित काव्य शैली निर्माण हुन्छन्। अप्रत्यक्ष रूपमा भाव तथा विचार प्रस्तुतिका निम्ति विम्ब, प्रतीक, रूपक, मिथक, अलङ्कार आदि सहायक तत्त्वका रूपमा प्रयुक्त हुन्छन्। अप्रत्यक्ष प्रस्तुतिकै कारण कविताका पद, पदावली तथा वाक्य आदिका साङ्केतित अर्थले शाब्दिक अर्थ त्यागेर अन्य अर्थ बुझाएका हुन्छन्। यसबाहेक विरामादि चिह्नको प्रयोग, लहर विन्यास, रूपाकृति आदिले भाषेतर सङ्केत तथा बाह्य संरचनागत अर्थ मात्र द्योतन नगरेर अप्रत्यक्ष रूपमा कविताका विषय पनि सङ्केत गरिरहेका हुन्छन्। फ्रान्सेली समालोचक तथा सङ्केतविज्ञानी माइकल रिफ्फातेरले आफ्नो पुस्तक **सिमियोटिक्स अव् पोयट्री** (इ सं १९७८)-मा अप्रत्यक्ष प्रस्तुतिलाई कविताको सही अर्थ केलाउन तथा विश्लेषण गर्न सहायता पुऱ्याउने एउटा महत्त्वपूर्ण पक्ष मानेका छन्। प्रस्तुत शोध पत्रमा राजेन्द्र भण्डारीका प्रकाशित कविता सङ्ग्रहमा सङ्कलित कवितामा प्रयुक्त अप्रत्यक्ष प्रस्तुतिका सन्दर्भको अध्ययन गरिएको छ। यो शोध पत्र तयार गर्दा निगमनात्मक अनि विश्लेषणात्मक विधि अँगालिएको छ।

**बीज शब्द -** राजेन्द्र भण्डारी, कविता, अप्रत्यक्ष प्रस्तुति, विचार, वस्तु, अर्थ विस्थापन, अर्थ विकृति, अर्थ सिर्जन।

## १ अप्रत्यक्ष प्रस्तुति - अर्थ अनि अवधारणा

'अप्रत्यक्ष प्रस्तुति' अङ्ग्रेजी भाषामा प्रचलित 'सिम्यान्टिक इन्डाइरेक्सन' अथवा 'इन्डाइरेक्ट एक्सप्रेसन'को पर्यायका रूपमा प्रयोग गरिएको हो। सम्पूर्ण साहित्यिक विधाको विकाससँगै कविताको कथ्य तथा शैलीमा नयाँ नयाँ प्रयोग तथा प्रवृत्ति हुँदै आएको देखिए तापनि कवितामा अवधारणा (कन्सेप्ट) तथा वस्तु (अब्जेक्ट)-लाई अप्रत्यक्ष रूपमा प्रस्तुत गर्ने कारक तत्त्व भने सधैँ स्थिर रहेको देखिन्छ। कुनै पनि विषयलाई अप्रत्यक्ष रूपमा प्रस्तुत गर्ने कविताको यस विशेषतालाई माइकल रिफ्फातेरले अप्रत्यक्ष प्रस्तुति (सिम्यान्टिक इन्डाइरेक्सन) भनेका छन् (रिफ्फातेर, इ सं १९७८, पृ-२)। माइकल रिफ्फातेर (इ सं १९२४-२००६)-ले आफ्नो पुस्तक **सिमियोटिक्स अव् पोयट्री** (१९७८)-मा कविताको सही अर्थ बुझ्न तथा विश्लेषण गर्न चारवटा पक्ष महत्त्वपूर्ण मानेका छन्, ती हुन् –

क) अन्वेषणात्मक पठन (ह्युरिस्टिक रिडिङ) र व्याख्यात्मक पठन (हर्मिन्युटिक्स रिडिङ),
ख) अप्रत्यक्ष प्रस्तुति (सिम्यान्टिक इन्डाइरेक्सन),
ग) अवलम्ब (म्याट्रिक्स), रूपभेद (वेरिएन्ट) अनि प्रतिमान (मोडल), तथा
घ) अर्थबीज (हाइपोग्राम)।

यी चारवटा पक्षहरूमध्ये अप्रत्यक्ष प्रस्तुति साहित्य अध्ययनका निम्ति एउटा महत्त्वपूर्ण विषय रहेको देखिन्छ। अप्रत्यक्ष प्रस्तुतिले गर्दा कवितामा प्रयुक्त पद, पदावली तथा वाक्यले शाब्दिक अर्थ त्यागेर अन्य अर्थ द्योतन गर्दछ। कविताको यसै विशेषताले गर्दा कविता र अन्य पाठका भाषामाझ भिन्नता देखा पर्छन्। कविताको भाषा

साङ्केतिक हुन्छ र कवितामा रहेका सङ्केतहरूले विशिष्ट अर्थ बोकेका हुन्छन्। कवितामा अप्रत्यक्ष प्रस्तुतिका मुख्यतः तीनवटा युक्ति छन्, ती हुन्-

क) अर्थ विस्थापन (डिस्प्लेसिङ मिनिङ),

ख) अर्थ विकृति (डिस्टर्टिङ मिनिङ), अनि

ग) अर्थ सिर्जन (क्रिएटिङ मिनिङ)

अर्थ विस्थापन भनेको कवितामा प्रयुक्त पद वा पदावलीको वास्तविक अर्थमा परिवर्तन आउनु हो। सामान्यतः कविताको भाषा आलङ्कारिक हुन्छ तथा कवितामा अर्थ विस्थापन रूपक (मेटाफर) तथा लक्षणा (मेटोनिमी)-का प्रयोगले हुँदछ भन्ने रिफ्फातेरको भनाइ पाइन्छ। उपमेयलाई निषेध नगरी उपमानको अभेद आरोप भएमा रूपक हुन्छ (सिग्द्याल, वि सं २०५८, पृ-२२३) भने वाच्यार्थ बुझाउने प्रक्रियामा बाधा हुँदा लक्षणा हुन्छ। यसले वाच्यार्थ वा मुख्यार्थभन्दा भिन्नै अर्थ बुझाउँछ तर त्यस अर्थको सम्बन्ध वाच्यार्थसँग रहन्छ।

अर्थ विकृति अर्थमा आउने विचलन (डिविएसन) हो। यो अनेकार्थकता (एम्बिग्युटी) तथा विरोधाभास (कन्ट्र्याडिक्सन)-का प्रयोगद्वारा सृजना हुन्छ। साहित्यिक उपकरणका रूपमा प्रयोग हुने अनेकार्थकता एकाधिक अर्थ बोकेको पद, पदावली तथा वाक्य हो। कुनै पनि भाषिक अभिव्यक्तिले जब एकाधिक अर्थ द्योतन गर्छ तब पाठकमा भ्रम सिर्जना हुन्छ जसले काव्यिक सौन्दर्य वा भाव चातुर्यको सिर्जना गर्छ। त्यसरी नै कवितामा दुईवटा विचार एकाअर्कामा परस्पर विरोधी देखा परेर द्वन्द्वको सृजना भएको स्थितिलाई विरोधाभास भनिन्छ।

रिफ्फातेर अनुसार अर्थ सिर्जन कविताको बाह्य रूपमा देखिने पाठको स्वरूप वा संरचनासँग सम्बन्धित विषय हो। काव्यिक शैलीका विभिन्न युक्तिद्वारा अर्थहीन भाषालाई अर्थयुक्त बनाउनु नै अर्थ सिर्जन हो। यसका युक्तिका रूपमा उनले अन्त्यानुप्रास (राइम), अपूर्णान्वय (इन्जाम्बमेन्ट), रूपाकृति (टोपोग्राफी) आदिको उल्लेख गरेका छन्। यो कविताका पद, लहर तथा पाठको विन्याससँग सम्बन्धित हुन्छ। पाउको अन्त्यमा समान वर्ण वा वर्णसमूह दोहोरियो भने अन्त्यानुप्रास हुन्छ (नेपाल, कविता, इ सं २००६, पृ-३४३)। यसले कवितामा समान संरचना (ढाँचा) निर्माण गरेर कवितालाई लयात्मक तथा गीतात्मक बनाउँदछ। त्यसरी नै अपूर्णान्वय भनेको विरामादि चिह्नको प्रयोग नगरी एउटा लहरदेखि अर्को लहरमा सर्नु हो। अर्थात् कवितामा पदावली वा वाक्यका रूपमा आएका विचार वा भाव पाउको अन्त हुँदा नटुङ्गिएर अर्को पाउमा सरेर जानु अपूर्णान्वय हो। यसले अर्थको तिर्यक सम्बन्ध प्रस्तुत गर्दछ।

रूपाकृति पाउ तथा लहर विन्यास हो। यो कविताको बाह्य संरचनासँग सम्बन्धित हुँदछ। पाठलाई आकर्षक देखिने बनाउनु साथै अर्थ तथा शब्दका विशिष्टताद्वारा कविको प्रस्तुतिलाई प्रभावकारी बनाउन रूपाकृतिको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ। यसरी हेर्दा कविताको अर्थ निर्माण तथा त्यसका विषयअनुरूप बाह्य संरचना तयार गर्नामा अप्रत्यक्ष प्रस्तुतिको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ। अप्रत्यक्ष प्रस्तुति कविताको एउटा विशेषता तथा प्रस्तुतिको शैली विशेषका रूपमा रहेको देखिन्छ।

## २ राजेन्द्र भण्डारीका कवितामा अप्रत्यक्ष प्रस्तुति

पश्चिम बङ्गाल राज्यको कालेबुङस्थित बम बस्तीमा जन्मेका राजेन्द्र भण्डारी नेपाली साहित्यका एकजना स्थापित कवि हुन्। हालसम्म उनका छवटा कविता सङ्ग्रह प्रकाशित छन्। ती हुन् - **हिउँदे यी चिसा रातका पर्दाहरूमा** (इ सं १९७९), **यी शब्दहरू : यी हरफहरू** (इ सं १९८६), **क्षर/अक्षर** (इ सं १९९८), **शब्दहरूको पुनर्वास** (इ सं २०१०), **प्वाँखहरू र आकाश** (चयनित, इ सं २०११) अनि **इतिहासको बाडुली** (इ सं २०१९)। कविताको सौन्दर्य वृद्धिमा अप्रत्यक्ष प्रस्तुतिको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ। अप्रत्यक्ष प्रस्तुतिको

अध्ययनद्वारा कविताका भाव तथा विचार पक्ष, भाषाशैली आदिको ज्ञान हुँदछ जसका आधारमा कविताको सौन्दर्य पक्षको मूल्याङ्कन गर्न सकिन्छ। माथि चर्चा गरिएका अप्रत्यक्ष प्रस्तुतिका तीनवटा युक्तिहरूका आधारमा राजेन्द्र भण्डारीका माथि उल्लिखित कविता सङ्ग्रहका कविताहरूको विश्लेषण गरिन्छ। कवितामा अर्थ विस्थापन रूपक तथा लक्षणाका प्रयोगले हुँदछ। रूपकको एउटा उदहारण 'मेरो जन्म दिन र बा'को कवितांशलाई लिन सकिन्छ -

बालाई म जन्मिएको भन्दा
नयाँ खेतमा पहिलोपल्ट बाली उठाएको
बढी याद छ।
आँगनको पारिजातजत्तिकै पुराना छन् बा।
डिलको ठुल्ढुङ्गोजत्तिकै अटल।

(भण्डारी, इ सं २०१०, पृ-३)

उपर्युक्त पङ्क्तिमा 'बा (उपमेय)'-लाई 'आँगनको पारिजात' (उपमान) र 'डिलको ठुल्ढुङ्गो' (उपमान)-सँग अभेद आरोप गरेर 'बा' अनुभवले पाकेर वृद्ध, परिपक्व अनि स्थिर छन् भन्ने कुरासित सादृश्य गराउन खोजिएको छ।

यसरी नै राजेन्द्र भण्डारीको 'दिल्ली अनि म' कविताका निम्न पङ्क्तिमा लक्षणाको प्रयोग देख्न सकिन्छ-

म दिल्लीलाई देख्छु
दिल्लीले मलाई देख्दैन।
म दिल्लीलाई चिन्छु
दिल्लीले मलाई चिन्दैन।

(भण्डारी, इ सं २०१९, पृ-१)

प्रस्तुत कवितांशमा 'दिल्ली'ले स्थान विशेषको अर्थ त्यागेर अप्रत्यक्ष रूपमा दिल्लीमा भएको संसद वा भारत सरकारका प्रशासनिक कार्यालय वा प्रशासकहरूलाई बुझाएको हुँदा वाच्यार्थमा बाधा भई लक्ष्यार्थ बोध भएको छ।

राजेन्द्र भण्डारीका कवितामा अनेकार्थकता तथा विरोधाभासको प्रयोगद्वारा अर्थविकृति आएको देखिन्छ। उनका कवितामा एकाधिक अर्थबोधक पद, पदावली तथा वाक्यका प्रयोगले पाठकमा भ्रम सिर्जना भएको र उक्त प्रयोगले काव्यिक सौन्दर्य वा भाव चातुर्यको सिर्जना भएको देखिन्छ। यसको एउटा उदाहरण राजेन्द्र भण्डारीको 'दार्जिलिङ १९९१' शीर्षक कवितामा पाइन्छ-

मान्छेको मनमा पुल्ठो बाल्थे क्याम्पबेल र म्याकफेर्लेन

वनजङ्गललाई चुम्दै हिँड्थे हुकर।

घर-घर फेरी फुक्दै हिँड्थे ज्ञानदिल।

समवेदनाका बिरुवा सार्थे रूपनारायण र सूधपाहरू।

फर्केर आएनन्।

(भण्डारी, इ सं २०१८ ग, पृ-४)

प्रस्तुत कवितांशको पहिलो, दोस्रो अनि तेस्रो लहरमा वाच्यार्थमा बाधा भई लक्ष्यार्थ बोध भएको देखिन्छ भने तेस्रो लहरमा 'फेरी फुक्दै' पदावलीले एउटा 'फेरी फुक्ने काम' अनि अर्को 'धर्म प्रचार गर्ने कार्य' जस्ता अर्थ बोध गराएर 'ज्ञानदिलले जोगीले झैँ फेरी फुक्ने काम गरेको', 'ज्ञानदिल दासले धर्म प्रचार गर्दै हिंड्थे' अनि 'ज्ञानदिल दासले समाजमा जागरुकता फैल्याउँदै हिंड्थे' भन्ने बहुअर्थ बोध गराएको पाइन्छ। यहाँ बहुअर्थकताद्वारा अनेकार्थकता बोध भएको छ।

राजेन्द्र भण्डारीका कवितामा दुईवटा विचार एकाअर्कामा परस्पर विरोधी देखा परेर द्वन्द्वको सृजना भएको देखिन्छ। 'गाउँको सेरोफेरो' शीर्षक कवितामा यसको राम्रो उदाहरण पाइन्छ-

उर्लिएको भदौरे भेलसँग डराएर
एउटा ठिटो स्कुल जान डराइरहेथ्यो।
बजारमा अर्को युकेजी ठिटो
'दिदी, उन्तीस भनेको कति हो?' - कराइरहेथ्यो।'

(भण्डारी, इ सं २०१०, पृ-१२)

प्रस्तुत पङ्क्तिमा गाउँका नानीहरू भदौरे भेलसँग डराएर स्कुल जान पाएका छैनन् भने बजारका नानीहरू कुनै बाधाबिना पढिरहेका छन्। यस पङ्क्तिले सहरमा सबै प्रकारको काम गर्न सुविधा हुन्छ तर गाउँमा उही काम गर्न बाधा अड्चन आइपर्छ भन्ने विरोधाभास प्रस्तुत भएको पाइन्छ।

कवितामा बाह्य रूपमा देखिने पाठको स्वरूप वा संरचनाले पनि अप्रत्यक्ष रूपमा भिन्न अर्थ द्योतन गरिरहेका हुन्छन्। भण्डारीका कवितामा अन्त्यानुप्रास, अपूर्णान्वय, रूपाकृति आदिलाई कविताका पद, लहर अनि पाठ विन्यास, स्वरूप तथा संरचनासँग सम्बन्धित युक्तिका रूपमा प्रयोग गरिएका छन्। उदाहरणका रूपमा **क्षर/अक्षर** कविता सङ्ग्रहको 'भीरमा अल्झिएको एक टुक्रा समय, अथवा' शीर्षक कवितालाई लिन सकिन्छ-

सिमलको भूवा उडाइल्यायो बतासको सिर्कैले

खोलाको पानी खोलैमा रह्यो म मरेँ तिर्खैले

न्याउली गर्छ न्याउल न्याउल कोइली ता कोइलिन्छ,

बितेका दिनलाई सम्झेर लायाउँदा मन मेरो ओइलिन्छ...''

(भण्डारी, इ सं २०१८ ग, पृ-८५)

प्रस्तुत कवितांशको पहिलो अनि दोस्रो लहरका अन्त्यमा क्रमैले 'सिर्कैले' अनि 'तिर्खैले' तथा तेस्रो र चौथोमा क्रमैले 'कोइलिन्छ' अनि 'ओइलिन्छ' जस्ता पदहरू प्रयुक्त छन् जसमा समान ध्वन्यात्मक वर्ण समूहको आवृत्ति भएकाले अन्त्यानुप्रासको सिर्जना भएको देखिन्छ। यस प्रकारको प्रयोगले कवितालाई लयात्मक तथा गीतात्मक बनाएर कविताको सौन्दर्य बढाएको देखिन्छ।

भण्डारीका कवितामा पदावली वा वाक्यका रूपमा आएका विचार वा भाव पाउका अन्तमा नभई अर्का पाउमा टुङ्गिएर अर्थको तिर्यक सम्बन्ध प्रस्तुत भएको दृष्टान्त निम्न कवितांशमा देख्न सकिन्छ-

टुनीबोटे बूढो नातिनीलाई काखमा राखी
आउनेलाई नमस्ते
र जानेलाई टाटा गर्न सिकाउँदै थियो।

(भण्डारी, इ सं २०१०, पृ-१०)

प्रस्तुत कवितांशमा 'टुनीबोटे बूढोले नातिनीलाई काखमा राखी आउने मानिसलाई नमस्ते र टाटा गर्न सिकाउँदै थियो' भन्ने पहिलो लहरमा रहेको भाव दोस्रोमा पनि नटुङ्गिएर तेस्रो लहरसम्म विस्तार भएको देखिन्छ।

भण्डारीले कविताको रूपाकृति विषय अनुरूप बनाएका छन् जसले कविता भाव तथा संरचनाका दृष्टिले प्रभावशाली भएका छन्। यसको असल उदाहरण 'बेरोजगार युवाको आइडेन्टिटी कार्ड' शीर्षक कवितालाई लिन सकिन्छ।

नाउँ : धनबहादुर।

बाबुको नाउँ : रनबहादुर।

आमाको नाउँ : बिर्खमाया

ठेगाना : जहाँबाट कञ्चनजङ्घा देखिन्छ।

अलिकति हिँडे कछार भेटिन्छ।

जहाँ खोलाहरू लोकगीत गाउँछन्।
जहाँ मान्छे शोकगीत गुन्गुनाउँछन्।

डाक सम्पर्क : कुनै पनि अलैँचीबारी, धानबारी, चियाबारी।

गौचार, नागी, बाँसघारी।

उमेर : पाखुरामा आगो बगेजति।

(भण्डारी, इ सं २०१०, पृ-१)

यस कवितामा नाउँ, बाबुको नाउँ, आमाको नाउँ, ठेगाना आदि प्रत्यय पत्र (आइडेन्टिटी कार्ड)-मा लेखिएझैँ लेखिएका छन्। यस कविताको रूपाकृति प्रत्यय पत्रझैँ छ। यस प्रकारको रूपाकृतिले उक्त कविता बेरोजगार युवाको प्रत्यय पत्रबारे हो भन्ने सङ्केत दिँदै कविताको अर्थलाई प्रभावकारी बनाएको छ।

## ३ निष्कर्ष

उपरोक्त विश्लेषणका आधारमा राजेन्द्र भण्डारीका कवितामा अप्रत्यक्ष प्रस्तुतिको सशक्त तथा कलात्मक प्रयोग भएको निष्कर्ष निकाल्न सकिन्छ। उनका कवितामा रूपक, लक्षणा, अनेकार्थकता, विरोधाभास, अन्त्यानुप्रास, अपूर्णान्वय तथा रूपाकृति जस्ता अप्रत्यक्ष प्रस्तुतिका विविध युक्तिहरूका प्रयोगले कवितामा कलात्मकता तथा सौन्दर्य सिर्जना भएको देखिन्छ। उनका कवितामा सामाजिक यथार्थता, गाउँ अनि सहरमाझको विभेद, बेरोजगारी समस्या, राजनीतिक चेतना तथा मानवीय संवेदनालाई अप्रत्यक्ष रूपमा प्रस्तुत गरिएको पाइन्छ। उनका कवितामा प्रयुक्त लक्ष्यार्थले अप्रत्यक्ष रूपमा भ्रष्टचारी नेता तथा शासकवर्गलाई व्यङ्ग्य गरेको देखिन्छ। यसबाहेक कविताका विषय अनुरूप भाषा शैली, ध्वन्यात्मक सौन्दर्य तथा कविताको संरचनागत विन्यासले कविताको

बाह्य संरचनालाई आकर्षक अनि विषयलाई सम्प्रेषणीय बनाएको छ। यसरी हेर्दा राजेन्द्र भण्डारी नेपाली कवितामा अप्रत्यक्ष प्रस्तुतिका सफल प्रयोगकर्ताका रूपमा स्थापित भएको स्पष्ट हुन्छ।

## सन्दर्भ

१ सोमनाथ सिग्देल शर्मा, वि सं २०५८, **साहित्य प्रदीप**, काठमाडौँ, विद्यार्थी प्रकाशन

२ घनश्याम नेपाल र कविता लामा, इ सं २००६, **उच्च माध्यमिक नेपाली व्याकरण र रचना**, सिलगडी, एकता बुक्स हाउस

३ राजेन्द्र भण्डारी, इ सं २०१८ क, **हिउँदे यी चिसा रातका पर्दाहरूमा**, दोस्रो संस्करण, कालेबुङ, शताब्दी प्रकाशन

४ राजेन्द्र भण्डारी, इ सं २०१८ ख, **यी शब्दहरू : यी हरफहरू**, दोस्रो संस्करण, कालेबुङ, शताब्दी प्रकाशन

५ राजेन्द्र भण्डारी, इ सं २०१८ ग, **क्षर/अक्षर**, दोस्रो संस्करण, कालेबुङ, शताब्दी प्रकाशन

६ राजेन्द्र भण्डारी, इ सं २०१०, **शब्दहरूको पुनर्वास**, गान्तोक, भीम ढुङ्गेल

७ राजेन्द्र भण्डारी, इ सं २०१९, **इतिहासको बाडुली**, कालेबुङ, उपमा प्रकाशन

८ Michael Riffaterre, 1978, **Semiotics of Poetry**, London, Indiana University